# अगूवा भूमि अधिकारकर्मीका लागि प्रशिक्षण कार्यशाला

***समाजवाद उन्मूख अर्थतन्त्र निर्माण र समतामूलक एंव दिगोविकासको लागि जनमुखी भूमिव्यवस्था***




# सारांश प्रतिवेदन

## १७-२१ असोज २०७५
## भूमिघर, काठमाडौं

## परिचय :

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र राष्ट्रिय भूमि अधिकार मञ्च नेपालको आयोजनामा अगूवा भूमि अधिकारकर्मीको प्रशिक्षण कार्यशाला २०७५ असोज १७ देखि २१ गतेसम्म काठमाडौंमा भएको थियो। भूमि अधिकार आन्दोलनका अगूवाहरुलाई नेपालको बदलिँदो परिवेशमा समाजवादउन्मूख अर्थतन्त्र निर्माण र समतामूलक एवम् दिगो विकासका लागि जनमुखी भूमि व्यवस्था, यस परिवेशमा भूमि अधिकार मञ्च र भूमि अधिकारकर्मीहरुको भूमिकाको बारेमा अभिमुखीकरण गर्ने उद्धेश्यले कार्यशालाको आयोजना गरिएको थियो । तालिममा राष्ट्रिय भूमि अधिकार मञ्च, जिल्ला भूमि अधिकार मञ्च र राष्ट्रिय कृषक समूह महासंघका १५ महिलासहित २८ जनाको सहभागिता थियो ।

यस प्रतिवेदनमा वकालतीय तालिममा छलफल भएका बिषयबस्तु, विधि, समुह कार्यको निचोड र कार्ययोजना समेटिएको छ ।

## उद्देश्य :

यस प्रशिक्षण कार्यशालाको मूल उद्धेश्य अगूवाहरुको फेरिएको परिवेशमा भूमि तथा कृषि सवालमा वकालत गर्ने सीप र क्षमता विकास गर्नु रहेको थियो ।

## अर्पेक्षित नतिजा :

- अगुवा भूमि अधिकारकर्मीहरुले स्थानीय र राष्ट्रिय परिवेश अद्यावधिक गरी विश्लेषण गरी अवसर र बाधा अड्चन बिश्लेषण गर्न सक्नेछन् ।
- लोकतान्त्रिक र रुपान्तरणकारी नेतृत्व सीप बिकास गर्नेछन् ।
- अगूवाहरुले जनमुखी शिक्षा र रुपान्तकारी सिकाई प्रक्रिया सम्बन्धी अभ्यासहरुको समीक्षा गरी भूमि सिकाई केन्द्रहरुको प्रर्वद्धनका नयाँ उपाय र विधिहरु सिक्नेछन् ।
- अगूवाहरु संविधान, कानून र संघीय संरचनामा भूमि सम्बन्धि व्यवस्थाबारे स्पष्ट हुनेछन् ।

## अगूवाई र परिवेश :

अगूवाको अगूवाई परिवेशमा भर पर्दछ । आफुमा भएको सीप, ज्ञान र स्रोतलाई सिमान्त वर्गमा पु¥याउने तथा यी समुदायलाई सशक्त गर्ने नै अगूवाको मुख्य भूमिका हो । अगूवापद होइन, अगूवाई हो । शब्दमा होइन, तत्व र मर्ममा ध्यान दिऔं ।

**अगूवाका गुणहरु :**

भूमि अभियानको दिगोपनाको लागि अगूवामा हुनुपर्ने गुणहरु यस प्रकारका छन् :

- सक्ने काम गर्ने र नसक्ने कामको झुठो आश्वासन नदिने

- भनेको कुरा व्यवहारमा उतार्ने, उदाहरणबाट सिकाउने
- अप्ठेरोमा नभाग्ने, बाटो देखाउने, हात, साथ र काँध थाप्ने
- समयको पालना गर्ने, समुदायको लागि कुर्ने कुराउने होइन
- सवाल, समस्या, परिवेश बुझेर सूचना र प्रमाणको आधारमा विकल्प दिन सक्ने
- सवाल र समस्या बुझेर मात्र वकालत गर्ने
- समुदायको समस्याहरुको विश्लेषण गर्ने, तत्कालिन समस्यालाई बढी प्राथामिकता दिएर उठाउने
- भएका नीतिको कार्यान्वयन, नयाँ नीतिको सिफारिस एवं वकालत गर्न सक्ने
- घटनाको प्रकृति अनुसार समाधान गर्न सक्ने (आवेग वा रिस उठेको बेला निर्णय नलिने)
- जानेको विषयवस्तु र सिकाई अरुसँग आदानप्रदान गर्ने, आफु पनि नयाँ विषयमा ज्ञान, सीप बढाउने
- समुदाय, पीडितको सुख दुःखमा साथ दिँदै विश्वास जित्न सक्ने
- आफू पनि नडराउने र अरुलाई पनि डरमा नराख्ने
- जात उमेर र लिङ्गमा भेदभाव नगर्ने
- आफ्ना कुरा अरुलाई राम्रोसँग बुझाउने र अरुको कुरा सुन्ने
- न्यायको पक्षमा बोल्ने, वकालत गर्ने

## अवसर तथा चुनौतीहरु :

**अवसर (राष्ट्रिय तह)**

- राष्ट्रिय भूमि अधिकार मञ्च, सामुदायिक आत्मनिर्भर केन्द्र र भूमिसुधार पक्षधर नागरिक शक्ति सक्रिय रहेको परिवेश ।

**अवसर (स्थानीय तह)**

- उठीवास भए वा गराउने तयारी स्थानीय तहले गरे तत्काल छलफल गरेर विकल्प खोज्न सकिन्छ, संघीय सरकारसम्म धाउनु पर्दैन ।
- भूमिहीन, सुकुम्बासी, साना किसानहरुको एकिन लगत लिन सकिन्छ ।
- गाउँपालिका तथा नगरपालिकास्तरमा मालपोत र भूमिसुधार कार्यालय जाने तयारी भईरहेको छ ।
- स्थानीय तहमा भू-उपयोग योजना बनाउन सकिने ।
- स्थानीय तहको सरकारमा भूमि अधिकारबाट वञ्चितहरुको सहभागिता र श्रोतको उपयोग गर्न सक्ने ।
- स्थानीय तहमा वडाध्यक्ष, मेयर, उपमेयरसँग तुरुन्त छलफल गरेर विकल्प निकाल्न सकिने
- स्थानीय तहमा भूमिहीन सुकुम्बासीका पक्षमा नीति बनाउन सक्ने
- पालिकास्तरले भूमि सम्बन्धी नीति बनाएर भूमि अधिकारबाट बञ्चितहरुको समस्या समाधान गरी सवालमुक्त (मोही, सुकुम्बासी) भूमिहीन आवास सहित गाउँ नगरपालिका बनाउन सक्ने ।
- भूमिहीनहरुलाई बाटो बिजुली, पानीको व्यवस्था गरि स्थानीयस्तरमा नै आफ्नो समस्या राख्न पाउने ।

**चुनौती** (**राष्ट्रिय तह**)

- ठालुमुखी स्वार्थ समूह र भू-माफिया हावी दलीय नेतृत्वहरुलाई समेत प्रभावित गरेको परिवेश

**चुनौती** (**स्थानीय तह**)

- प्रदेश सरकारले नीति बनाएको छैन । स्थानीय तहले कानून बनाउन सकिदैन भनेर टालटुल गरिरहने ।
- मोही जग्गा बाँडफाँडका लागि कर्मचारीले प्रमाण खोजेर अल्मलाईरहने ।
- निर्वाचित प्रतिनिधीहरु जनतामुखी नभई केन्द्रमुखी हुने ।
- घोषणापत्रमा आश्वासन दिने तर निर्वाचनपछि सबै प्रतिबद्धताहरु बिर्सने
- स्थानीय तहबाटै विकासको नाममा उठीवास
- सरकारी कार्यालयहरु एकीकरण भएर स्थानीय तहमा सेवा दिन नपुग्नु ।
- सुकुम्बासीहरुको नाममा जग्गा भएका व्यक्तिहरुले नै ऐलानी सार्वजनिक जग्गा ओगट्ने र स्थानीय सरोकारवालालाई प्रभावमा पार्ने
- मोही प्रमाण जुटाउन नसक्दा मोही किसान निवेदन दर्ता गर्नबाट बञ्चित
- जनप्रतिनिधि र कर्मचारीहरुले एक अर्काको अस्तित्व स्विकार नगर्नु
- स्थानीय जन प्रतिनिधीहरु ठूलावडाको पक्षमा वकालत गर्ने, भूमिहीनहरुको आवाज दवाउन सक्ने
- स्थानीय तहका जनप्रतिनिधीहरुमा नीतिगत अन्योल हुनु

**परिवेश विश्लेषणको महत्व :**

अगूवा समुदायको सूचना स्रोत व्यक्ति हो । कुनै पनि विषयको अगूवाई गर्नका लागि त्यस विषयको ज्ञाता हुन जरुरी छ । जसका लागि परिवेश विश्लेषण गर्न आवश्यक छ । यो तथ्यांकमा आधारित वकालतको लागि प्रमुख आवश्यकता हो । परिवेश विश्लेषका खोज तथा सिकाईलाई वकालतमा प्रयोग गर्न पनि अगूवामा हुनुपर्ने मुख्य गुण हो । यस्तै भूमिअगूवाहरुका लागि परिवेश विश्लेषका संक्षिप्त महत्व यस प्रकारका छन् :

- समस्याको बारेमा जानकारी हासिल गर्न । त्यसको ऐतिहासिक कारण र समाधान निर्धारण गर्न समेत परिवेश विश्लेषण गर्न महत्वपुर्ण छ ।
- यथार्थ भूमिको चित्रणका लागि परिवेश विश्लेषण गर्न आवश्यक छ । यसले भूमि सम्बन्धी विभिन्न तथ्यांक हासिल गरि वकालत गर्न।
- भूमि वितरण प्रणालीको विश्लेषण र आगामी योजना निर्माणका लागि।
- भूमिको वितरण र सहभागीतामूलक औजारको प्रयोग गरि आवश्यक परिवर्तनको खाका तयार गर्न ।
- भूमि स्वामित्वका कारण समुदायले भोग्नुपरेको समस्या तथा त्यसको परिणाम ।

**नेतृत्वः**

आजको अगूवा भोलीको नेतृत्वतहमा पुग्ने व्यक्ति हो । नेतृत्व कुनै पनि कार्यको सुरुवात गर्नमा मात्र सिमित रहदैंन् । सुरुवात गरेको कार्यलाई अपेक्षित उपलब्धी प्राप्ति गरि समापन गर्नु नै नेतृत्व गर्नु हो । भूमि अधिकारको आन्दोलनमा अगूवाको प्रमूख भूमिका हुन्छ । आन्दोलनलाई कुन दिशा प्रदान गर्ने र के उपलब्धी हासिल गर्ने सबै अगूवाको हातमा नै हुन्छ । यसका लागि अगूवामा कुनै पनि कार्य नेतृत्व गर्ने क्षमता प्रचुर मात्रमा हुनु पर्दछ ।

अगूवाको नेतृत्व फरक किसिमको हुनुपर्दछ । यसमा लोकतान्त्रिक अभ्यासको पालना तथा सबैको सल्लाह, सुझाव पछि मात्र योजना निर्माण र कार्यान्वयनको चरणमा प्रवेश गर्नुपर्दछ । अगूवाई गर्नु भन्नु नै नेत्तृव गर्नु हो । यसले समाजमा रुपान्तरणकारी विचारको विकास तथा सहभागीतामूलक तवरले परिवर्तन ल्याउन सहयोग प्रदान गर्दछ । भूमि अधिकार सुनिश्चिताका लागि लोकतान्त्रिक नेतृत्व विकास गर्नु नै भूमि अधिकारकर्मीहरुको मूख्य जिम्मेवारी हो ।

अगूवाले असल नेतृत्वकर्ता बन्नका लागि निम्न लिखित विषयहरुमा विशेष ध्यान पुऱ्याउनु पर्दछ ।

- समुदायको दिगो विकासका लागि आफुमात्र नभई आफु पछिको अगूवाहरुको पनि विकास गर्दै लैजाने ।
- परम्परागत रुढिवादी सोच र शक्ति केन्द्रित नेतृत्वमा नभई परिवर्तनकारी रुपमा योग्यता र क्षमताका आधारमा अवसर प्रदान गर्ने ।
- सहभागीमूलक तवरले समुदायका सबै पक्षको आवाज सुन्ने तर सबैको हितका लागि निर्णय गर्ने ।
- नातावाद र कृपावादबाट टाढा रहि न्योयचित रुपमा कार्य सम्पन्न गर्ने । नीति कार्यान्वयनका लागि आश्वासन मात्र हैन, पहल गर्ने र परिणाम राख्ने ।
- पदमा रहँदा मात्र कार्य गर्ने हैन, पदमा रहेकालाई पनि सर्तक गराउने र परिवर्तनका लागि निरन्तर पहल गर्ने ।

साधारणतया नेतृत्वका पाँच प्रकार हुन्छन् । समय र परिस्थिती अनुरुप सबैप्रकारको नेतृत्व आवश्यक पर्दछ । अधिनायकबादी नेतृत्व आपतकालीन अवस्थामा प्रतिकार्य तथा राहतका लागि मुख्यरुपमा जरुरी हुन्छ । यो सरकारको कार्यशैलीमा नै दैनिक रुपमा देखिन थाल्यो भने परिवर्तनको पहल गर्नुपर्दछ । अगूवाको भूमिका यसै अवस्थामा परिवर्तन ल्याउन खोज्नु हो ।




## जनमूखी शिक्षा : भूमि शिक्षा

शिक्षा थाहा पाउने कुरा हो । यो वातावरणबाट छलफल, तालिम, अवलोकन र स्कुल, कलेजको विषयवस्तुबाट प्राप्त हुन्छ । कुनै पनि व्यक्तिले जानेको शिक्षालाई समाज र सिमान्तकृत वर्गको उत्थान तथा सशक्तिकरणको लागि प्रयोग गर्छ भने त्यो जनमूखी शिक्षा हो । समुदाय र समाजको जीवनलाई न्याय दिने शिक्षा नै जनमूखी शिक्षा हो । यसमा समुदायलाई आवश्यक रहेका विषयहरु सिर्जनात्मक तवर तथा सहभागीमूलक औजारहरुको प्रयोग गरि समुदायलाई बुझाईन्छ । यो विद्यालयमा प्रयोग गरिने शैक्षिक विधि भन्दा फरक छ । जनमूखी शिक्षाले कुनै व्यक्ति वा समुदायलाई शिक्षा प्रदान मात्र गर्दैन । बुझ्ने र प्रश्न सोध्ने बानीको पनि विकास गर्दछ ।



कसैलाई ठग्न वा लुट्न प्रयोग गरिने शिक्षा कुशिक्षा हो । अगूवाले जनमूखी शिक्षा प्रदान गर्ने भनेर यस शिक्षा प्रदान आफु पनि गर्नुहुन्न र यदि समुदायमा गरिएको छ भने त्यसको रोकथामका लागि आवश्यक पहल गर्नुपर्दछ । यसका लागि परिवर्तन जनमूखी शिक्षा आवश्यक रहेको छ ।


भूमि आन्दोलनमा पनि यसको त्यतिकै महत्व छ । भूमि अधिकारकर्मीहरुले आफनो समुदाय, गाउँ तथा टोलमा भूमि शिक्षाको अभियान सुरुवात गर्न आवश्यक छ ।

**अगूवामा समाजवाद उन्मुख अर्थतन्त्रका लागि जनमूखी भूमि व्यवस्थाबारे शिक्षा र सिकाईका सीपहरुः**

- भूमिको वर्तमान परिवेश बुभ्न र विश्लेषण गर्न सिकाउने शिक्षा नै भूमि शिक्षा हो ।
- समाजवाद उन्मुख भूमि व्यवस्थाको धारणा प्रस्ट गराउने शिक्षा
- भूमिबारे संबैधानिक कानूनी नीतिगत व्यवस्था बुझाउने शिक्षा
- जनसंगठन निर्माण र स्वपरिचालन गर्न सिकाउने शिक्षा
- सहभागीमूलक सिकाईका विधिहरु प्रयोग गर्ने सीप
- लोकतान्त्रिक मूल्य र मान्यता अनुसार अगूवाई गर्ने सीप तथा व्यवहार
- परिवेश अनुसार स्थानीय तहको रणनीति, कार्ययोजना बनाउने सीप
- अभियानको लागि स्रोत निर्माण गर्ने र ज्ञान सीप र क्षमता
- जीवन पर्यान्त सिकाई अभ्यास गर्ने ज्ञान सीप

**जीवनपर्यान्त सिकाई :**

भूमि अधिकारकर्मीहरुले समुदायमा पनि भूमिहिन, सुकुम्बासी र मोहीहरुसंग समन्वय र संवाद गर्नुपर्छ । यसबाट वहाँहरुको समस्या, पृष्ठभूमि र समाधानका पहलका बारेमा ज्ञान हासिल गर्न सकिन्छ । तर त्यही जमिनदारसँग समन्वय र संवाद गरेमा जमिनदारका सवाल प्रति हाम्रो बुझाई र ज्ञान बढ्छ । यसले आन्दोलनको उपलब्धी हासिल गर्नका लागि भने सहयोग प्रदान गर्दैन । त्यसैले सिकाई सबै तहबाट हासिल गर्न सकिन्छ । तर कुन सिकाईले हाम्रो जीवनको उद्देश्य र लक्ष्यसँग मेल खान्छ सोही विषयमा ज्ञान आर्जन गर्दै जानुपर्दछ ।




जीवनपर्यन्त सिकाईको कार्यढाँचा

जीवनपर्यन्त सिकाई केवल अगुवामा मात्र सिमित हुनु हुँदैन । सबै मानिसले आफनो् अधिकारबारे जानकार भई त्यसको लागि हक दाबी गर्नु नै यस सिकाई प्रक्रियाको मूख्य उद्देश्य हो । भूमि अधिकार आन्दोलनले पनि अब एक टुक्रा जमिन उपलब्ध गराउनमा मात्र सिमित नभई, व्यक्तिको सोचमा परिवर्तन गरे मात्र रुपान्तरण गर्न सकिन्छ ।

*"अगूवाहरुले भनेको गर्ने र गरेको भन्ने"* यहि मूल नारा जीवनपर्यान्त सिकाईमा पनि प्रयोग गर्नुपर्दछ । अगूवाले समाधानको पोको बोकेर हिड्नु पर्छ । यसका लागि औपचारिक शिक्षा, अनौपचारिक शिक्षा र स्वाभाविक शिक्षाको मिश्रण गरि समस्या र परिस्थिती अनुरुपको समाधान खोज्नुपर्दछ ।

## संविधान, संघीयता र भूमि :

नयाँ संविधानले जनमूखी शासनको प्रवर्द्धनका लागि नयाँ आयाम थपेको छ । नागरिक तहमा मौलिक हकको सुनिश्चताले अधिकार धेरै हदसम्म साधारण जनताको हातमा पुगेको छ । अब हाम्रो अधिकार हनन् नहुने ऐन र कानुन पनि आईसकेका छन् । यो सन्दर्भमा मञ्चका सदस्यलाई परिवर्तित राजनैतिक परिवेश, संवैधानिक अधिकार तथा संघीयताको विषयमा जानकारी प्रदान गर्ने कार्य पनि अगुवाको हुन्छ । हिजोको हाम्रो भूमि, आवास र कृषि सम्बन्धीको मागहरु संविधानले राम्रोसँग सम्बोधन गरिसकेको छ । आज स्रोत, साधनको कमि र तानाशाही विचारले मात्र अधिकार छेक्न सक्दछ । कानुन, ऐन, नीति, र नियमले अब हाम्रो लागि धेरै हदसम्म बाटो खुला गरिदिएको छ ।

सीमान्तकृत वर्गको अधिकार सुनिश्चित गर्न आयोगको गठन गर्ने परिकल्पना पनि संविधानले गरेको छ । महिला, दलित, थारु, मुस्लिम, प्राकृतिक स्रोत, आदिवासी जनजाती जस्ता आयोगहरु गठन हुने भएका छन् । अगूवाले

यस्ता आयोगमा लक्षित वर्गको प्रतिनिधि गराउनका लागि वकालत गर्नु पर्ने पनि अवस्था सिर्जना भईसकेको छ ।

संविधानमा हक मात्र नभई नागरिकको कर्तव्य पनि उल्लेख गरेका छन् । यी कर्तव्य पूरा गर्ने र सबैलाई जानकारी गराउने पनि अगूवाले योजना बनाई अघि बढ्नु पर्नेछ । मौलिक हक सरकारले नागरिकलाई कुनै परिस्थितीमा पनि सुनिश्चित गर्नु पर्ने हक भनेर बुझिन्छ । तर केहि मौलिक हक भने कानुन बनाएर व्यवस्था गर्ने भन्ने कुराले केहि बाँझिएको छ ।

सम्पत्तिमा प्रगतीशीलकर प्रणालीको प्रयोगले पनि गरिबको हक सुनुश्चित गरेको छ । राज्यले व्यक्तिगत सम्पत्ति सार्वजनिक हितका लागि अधिग्रहण गर्न पाउने व्यवस्था छ । तर गरिबको जमिन लिएर उचित व्यवस्थापन नगर्नु फेरि सिमान्तकृत वर्ग माथि पिडा थप्ने काम हुन्छ । यसका लागि भूमि अधिकारकर्मीहरुले गरिबको पक्षमा वकालत र लड्न आवश्यक छ ।

व्यवहारिक रुपमा लालपुर्जा नभए पनि यदि जोतभोग गर्दै आउनुभएको छ भने यस अवस्थामा पनि सरकारले क्षतिपूर्ति प्रदान गर्नेछ । तर धारा २५ को उपधारा ४ मा भने भूमि सुधार र ब्यबस्थापनका लागि भने राज्य निकै बलियो छ ।

यस्तै धारा ३६ ले खाद्य सम्बन्धी हक, ३७ ले आवासको हक, ३८ ले माहिलाको हक र धारा ४० ले दलितको हक सुनिश्चित गरेको छ । यसरी सरकारले विभिन्न ऐन, कानुन देखि संविधानमा नै सिमान्तकृत वर्गको हक उल्लेखित गरिसकेको छ । यसका लागि अगूवाहरुले संविधानमा टेकेर अधिकारको हकका लागि पैरवी गर्न जरुरी छ । हाम्रो आन्दोलन अब पूर्जा केन्द्रित नभई अधिकार र उत्पादन केन्द्रित हुनुपर्छ । यसले पूर्जा पाएपछि बेच्ने प्रणालीको विकास हुन सक्छ । यसका लागि १० वर्ष बिक्री गर्न नपाउने नियम ल्याउन जरुरी छ । र, यो समयमा जनमूखी भूमि शिक्षा मार्फत भूमिको महत्वबारेमा बुझाउनुपर्दछ ।

खाद्य अधिकार, खाद्य संम्प्रभुता र खाद्य सुरक्षा सम्बन्धी पनि सरकारले प्रगतीशील नीति तथा नियमको निर्माण गरेको छ । खाद्य सुरक्षा अर्न्तगत सबै नागरिकलाई खान पाउने अधिकार सुरक्षित गरेको छ । तर यसमा सरकारले प्रदान गरेको खाद्यन्न बाहेक अन्य खाद्यन्न रोज्ने हकभने प्रदान गर्ने छैन । यस अर्न्तगत सरकारको भरपर्नुपर्ने बाध्यताको बृद्धि भने हुन सक्छन् ।

यस्तै खाद्य अधिकार अर्न्तगत भने सम्बन्धित खाद्य अधिकारको सुनिश्चित गर्ने निकायले खाद्यन्न उपलब्ध गर्न नसकेमा अदालतमा मुद्दा तथा न्याय सम्बत् सजायको भागिदार हुनुपर्दछ । खाद्य संम्प्रभुतामा भने खाद्यन्नमा मात्र सीमित नभईकन खाद्यन्न उत्पादन गर्ने स्रोत जस्तै भूमि, वन जंगलमा नै अधिकार स्थापित गरिन्छ । जसका कारण समुदाय, जाती र धर्म, संस्कृति अनुरुपको खाद्यान्न उत्पादन र खान सक्ने अधिकार संविधानले प्रदान गरेको छ । यी सबै अधिकारले किसानलाई धेरै अधिकार दिएको छ । तर यसको विषयमा सबै किसानलाई जानकारी गराउनका लागि अगूवाले भूमि शिक्षा र भूमि केन्द्रबाट सूचनाको प्रवाह गर्नुपर्दछ ।

धारा ४० को उपधारा ५ मा दलित भूमिहीनलाई एक पल्ट जमिन उपलब्ध गराउने प्रावधान राखेको छ । यसको कानुन अहिले पारित भएको छ । जस अर्न्तगत ३ वर्ष भित्र राज्यले दलित भूमिहीनलाई जग्गा उपलब्ध गराउनुपर्नेछ ।

## जनसंगठन सुदृढिकरण :

जनसंगठन आन्दोलनको उद्देश्य प्राप्त गर्नका लागि सबै भन्दा महत्वपूर्ण विषय हो । जनसंगठनलाई सुदृढिकरण गर्नका लागि भूमि अधिकार मञ्चले गर्नुपर्ने प्रक्रिया तल उल्लेखित गरिएको छ ।

**भूमि अधिकार मञ्चको समग्र सुदृढिकरणको प्रक्रिया**




## श्रोत निर्माण

:

श्रोत कुनै पनि विषयलाई अघि बढाउनका लागि महत्वपूर्ण साधन हो । यो पानीको मुहान भने जस्तै श्रोत बिना कुनै पनि कार्यको थालनी गर्नु सम्भव छैन । स्रोत कुनै

पनि चित्र, वस्तु जन्माउने, उत्पादन गर्ने, हुर्काउने, विकास गर्ने आधार हो । श्रोत माध्यम मात्र नभई कार्य थालनीको आधार पनि हो । भूमि अधिकार आन्दोलनमा पनि श्रोतको आवश्यकता पर्छ । तर श्रोत भन्दैमा आर्थिक मात्र भनेर बुझ्नु हुन्न ।

श्रोत मूख्यरुपमा चार प्रकारका हुन्छन् :

**१.विचार श्रोत** : यो कुनै पनि आन्दोलनका लागि आवश्यक मूख्य श्रोत हो । आन्दोलनले विचार निर्माण गर्ने प्रक्रियालाई सहयोग गर्दछ। अगूवाको विचार दूरदृष्टि भएको र आन्दोलनको उद्देश्य प्राप्त गर्ने विचारधारा भएको हुनुपर्दछ। यस श्रोतलाई आफैं वा अन्य स्थानबाट ज्ञान आर्जन गरि वृद्धि गर्न सकिन्छ। विचारकै आधारमा मात्र अभिलेखन गरि आन्दोलनको रणनीति बनाउन सकिन्छ।

**२. मानव श्रोत** : कुनै पनि व्यक्तिमा भएको ज्ञान, सीप र क्षमता नै मानव श्रोत हो । अगूवामा अगूवाई गर्ने क्षमता वृद्धिका लाीग मानव श्रोत निकै महत्वपूर्ण छ। विचारलाई व्यवहारमा ल्याउने मानव श्रोत चाहिन्छ।

**३. संगठन र नेतृत्व** : नेतृत्व कुनै पनि कार्यको सुरुवात गर्नमा मात्र सिमित रहँदैन । सुरुवात गरेको कार्यलाई अपेक्षित उपलब्धि प्राप्ती गरि समापन गर्नु नै नेतृत्व गर्नु हो । अगूवालाई नेतृत्व प्रदान गर्नका लागि संगठनको मूख्य भूमिका छ। यसका लागि संगठन स्वपरिचालन गर्ने क्षमता तथा योजना निर्माण गर्न सक्नुपर्दछ।

**४. आर्थिक तथा भौतिक** : अर्थसँग जोडिएका श्रोतलाई आर्थिक श्रोत भनिन्छ। अगूवाले कार्यक्रम सञ्चालनका लागि आर्थिक र भौतिक दुवै श्रोतको खाँचो पर्दछ । कुनै पनि विचारलाई रणनीति निर्माण गरेपछि संगठनले नेतृत्व प्रदान गर्दछ। तर रणनीति अनुरुपको कार्य सम्पन्न गर्नका लागि भने आर्थिक तथा भौतिक श्रोतको खाँचो पर्दछ ।

हाल जिल्ला भूमि अधिकार मञ्चबाट अवलम्बन गरेका पहलहरु : (उदाहरणका लागि)

| **जिल्ला** | **पहल** |
|---|---|
| **महोत्तरी** | चारघरे गाउँ भूमि अधिकार मञ्चमा आन्दोलनलाई दिगो बनाउनका लागि बाली संकलन गर्न थालिएको छ। |
| **रौतहट** | गजुरा नगरपालिकामा सामूहिक खेती गर्न २६ घरधुरीले थालेका छन् । |
| **नवलपरासी** | गाउँ भूमि अधिकार मञ्च नवलपरासी वर्दघाट नगरपालिकामा सामूहिक खेती गरि १२ क्विन्टल बेसार बिक्रि गरेका छन् । |
| **सिराहा** | लाहानमा १ विघा जमिनमा सामूहिक खेती सुरु गरेका छन् । यसको आम्दानी कोषमा जम्मा गरिरहेका छन् । |

## सिकाइ (सहभागीहरुबाट) :

- अनौपचारिक, स्वाभाविक शिक्षा र औपचारिक शिक्षा जीवनपर्यान्त सिकाईका मूख्य मेरुदण्ड हुन् । सबै अनुभूति गरेको व्यवहारलाई कार्यशैलीमा ल्याउन सके मात्र अगूवा हुन सकिन्छ ।

- अगूवाले संविधान, नीति र कानुनप्रति जानकार हुन जरुरी छ । सहजीकरण गर्दा विषयमा पहिले सहभागी स्वयंलाई सहभागीमूलक तवरले छलफल गर्ने र वातावरण निर्माण गरि विषयलाई संयोजन गर्नु उपयुक्त हुन्छ ।
- सिक्ने योजना नभएको व्यक्ति अगूवा हुन सक्दैंनन् । त्यसैले सिक्ने प्रवृतीको विकास गर्न आवश्यक छ । कुनै पनि विषयमा सहजीकरण गर्न अगावै तयारी गरि मात्र अघि बढ्नु पर्दछ । चित्रात्मक प्रक्रिया र प्रस्तुत गर्ने शैलीमा पनि अगूवाले विकास गर्न जरुरी छ ।
- अगूवाको धेरै काममध्ये परिवेश विश्लेषण पनि एक हो । अगूवाले सिर्फ कुनै विषयमा बोलेर मात्र हुदैंन । बोल्न र वकालत गर्नका लागि आफ्नो समुदायको बारेमा अपडेट भई तथ्यको आधारमा बोल्नुपर्दछ । टोल वा समुदायको सूचना स्रोत व्यक्ति भएमात्र सवालको नेतृत्व प्रदान गर्न सकिन्छ ।
- विषय केन्द्रित छलफललाई बढाएर लैजानुपर्दछ । सरल शब्दको प्रयोगले मात्र समुदायलाई विषयको बारेमा जानकारी प्रदान गर्न सजिलो हुन्छ । अगूवाले समुदायलाई धेरै बोझिलो बनाउने हैन सिकाईलाई फराकिलो बनाउन सहयोग गर्नुपर्दछ ।

## निष्कर्ष :

वकालतीय ज्ञान, सीप अभिवृद्धि तालिम सहभागिमुलक तवरले भयो । राष्ट्रिय भूमि अधिकार मञ्च र जिल्ला भूमि अधिकार मञ्चका २८ जनाको सहभागितामा नेतृत्व, भूमि व्यवस्थालाई कसरी समाजवादउन्मूख अर्थतन्त्र निर्माण र समतामूलक एवम् दिगो विकासको लागि जनमूखी भूमि व्यवस्था गर्न सकिन्छ भन्ने विषय छलफल भयो ।

अन्त्यमा तालिमका सहभागीले आफ्ना सिकाईहरुसहित भूमि अधिकार आन्दोलनलाई थप प्रभावकारी बनाउन नेतृत्वदायी भूमिका खेल्ने प्रतिबद्धता गर्नुभयो ।

# भाग-२

**अनुसूची १ : भूमि शिक्षा को आधारभूत योजना :**

**समूह १ :**

भूमि सम्बन्धी के कस्ता शिक्षा चाहिएको छ ?

- स्थानीय संघ र प्रदेशको भूमि, कृषि सुधारका लागि साझा सूचिमा परेको नीतिनियम बारेमा जानकारी
- स्वभाविक शिक्षासँगसँगै अनौपचारिक शिक्षा समुदायमा पर्याप्त दिने (जग्गाको प्रकृति कित्ता नम्बर, क्षेत्रफल थाहा पाउन सहयोग पुग्छ ।
- स्थानीय तहमा भूमिको उपयोग व्यवस्थापन र भूमि अधिकार अभियानको दिगोपनमा
- जनप्रतिनिधी (स्थानीय तह) भूमि र कृषिबारे निर्देशिका भित्र समावेश गराउने

भूमि सम्बन्धी सिकाई कसरी गहिरो तथा फराकिलो पार्ने ?

- प्रत्येक १ अगूवा बराबर ५ अगूवा तयार पार्ने
- आधारभुत अधिकारसंग सम्बन्धित नीति कानूनबारे जानकारी लिने र आवश्यकता अनुसार कार्यान्वयनमा ल्याउने, समूदायको हित विपरीत छ भने सुझाव दिने
- सवाल अनुसारको समुदायमा ज्ञान आदान प्रदान गर्ने
- भूमि र कृषिसँग सम्बन्धित नीति नियम एवं संविधानबारे जानकारी लिने
- भूमि अधिकार आन्दोलनबारे हरेक गाउँपालिका नगरपालिकामा समन्वय गर्ने

भूमि सम्बन्धि शिक्षा

- समाजवादी भूमि सुधार सम्बन्धि बडा तथा टोलस्तरमा छलफल चलाउने
- भू-उपयोग नीति सम्बन्धि स्थानिय तहमा छलफल गर्ने
- टोल टोलमा मासिक रुपमा भूमि अध्ययन केन्द्र सञ्चालन गर्ने
- प्राथामिक तहभन्दा माथि अनिवार्य रुपमा भूमि र कृषि विषय समावेश गर्नु पर्ने

भूमि सम्बन्धि सिकाई कसरी गहिरो तथा फराकिलो पार्ने ?

- दक्ष अगूवा तयारी गरि परिचालन
- भूमि सम्बन्धि भएका सफल तथा असफल रीष्ट्रय तथा अन्तरीष्ट्रिय घटनाहरुको अध्ययन अनुसन्धान
- भूमि सम्पत्ति हैन साधन (उत्पादन) हो जो खेती गर्छ उसैको अधिनमा हुनुपर्छ । यस्तो शिक्षा विद्यालय विश्व विद्यालयहरुमा पठनपाठन हुनुपर्छ ।
- वर्ष भरि खान पुग्ने खालको कृषि तथा भूमि सम्बन्धि शिक्षा
- जलवायु अनुकूलन खेती
- अर्गानिक खेतिपातिका गर्ने र गराउने
- माटोको परीक्षण गरि उन्नत र गुणस्तरीय विउ विजन

सिकाई भनेको के हो ?

- काम गर्ने तरिका हो जुन काम गर्दाको अवस्थामा भोगाई र अनुसन्धानबाट निस्कन्छ ।

भूमि सम्बन्धि के कस्तो शिक्षा चाहिएको छ ?

- भूमि संरक्षण सम्बन्धि
- खेतीयोग्ग जनिम खेती मै पसिना बगाउने किसानसँग जाने
- कृषि पेशालाई सम्मानित पेशाको रुपमा स्थापित गर्ने
- समाजबाट उन्मुख भूमि व्यवस्थाको शिक्षा अवाश्यक छ भूमि व्यवस्थापनको सम्बन्धि नीति

भूमि सम्बन्धि सिकाई कसरी गहिरो र फाराकिलो पार्ने ?

- सिकाईहरु एक आपसमा साटासाट गर्ने
- अध्ययन गर्ने, लेख रचना प्रकाशन गर्ने, सिकेका कुरा उपयोगमा ल्याउने
- मञ्च किसानहरुका संगठित संरचनाहरुमा नियमित छलफल र अभ्यास गर्ने

**समूह २ :**

शिक्षा

- अक्षर सिक्नु, स्कुलमा पढ्नु, इतिहास बुझ्नु, रचना गर्नु, अनुभव गर्नु, देखेर, भोगेर, अनुशरण गर्नु

सिकाई

- कामको परिणाममा (असर) प्रभाव पार्ने तरिका
- काम गर्ने अवधिमा आएका सकारात्मक वा नकारात्मक अनुभव र तौरतरिका
- कुनै पनि काम सफल वा असफल पार्नका लागि मुख्य भूमिका खेल्ने रणनीति नै सिकाई हो
- संघ, प्रदेश र स्थानिय तहमा समाजवाद उन्मुख भूमि व्यवस्थापनका बारेमा सुझाव छलफल बाक्लो बनाउँदै जाने
- भूमि सम्बन्धि सिकाईलाई सूचनाका माध्यमबाट गहिरो र फराकिलो बनाउँदै जाने

**समुह ३ :**

शिक्षा भनेको के हो ?

- कुनै पनि विषय वस्तुबारे औपचारिक, अनौपचारिक र स्वभाविक तरिकाले सिक्ने ज्ञानलाई शिक्षा भनिन्छ ।

सिकाइ भनेको के हो ?

- कसैको भनाई, भोगाई र आफ्नै भोगाईबाट थाहा पाउनु, बुझ्नु नै सिकाई हो

भूमि सम्बन्धि के कस्तो शिक्षा चाहिएको छ ?

- भूमि सम्बन्धि , औपचारिक, अनौपचारिक र स्वभाविक ३ प्रकारको शिक्षाको आवश्यकता छ ।

भूमि सम्बन्धि सिकाई कसरी गहिरो र फराकिलो पार्ने ?

- समुदायस्तरमा गहिरो छलफल सम्बाद गर्ने
- भूमि सम्बन्धि नीति व्यवस्थाबारे अध्ययन गर्ने
- भूमि सम्बन्धि लेख, रचना लेख्ने
- तालिम लिने दिने
- अवलोकन भ्रमण गर्ने गराउने
- भूमिहिनताको कारणहरु खोज्ने
- कारणहरुको बारेमा बुझ्ने, बुझाउने
- समस्या समाधानको लागि उपाय वा निकास निकाल्ने

**समुह ४ :**

शिक्षा भनेको के हो ?

- निरन्तर सिक्ने सिकाउने प्रक्रिया हो
- सवालसँग सम्बन्धित भएर अनुभव लिनु
- समुदायमा घटेको घटनालाई बाहिर ल्याई पिडितलाई न्याय प्रदान गर्न सघाउनु

सिकाई

- पिडाको कारण र समाधानको विकल्प खोज्न सक्नु
- पद, अगूवा, पद निश्चित समयको लागि हुन्छ भन्ने अगूवा जीवनपर्यान्त रहन्छ
- भूमि अधिकारको सवालमा समुदायस्तरमा समाजवादको विउ उमार्ने नयाँ कला र ज्ञान प्रसारण गर्ने

समाजवादउन्मूख भूमि व्यवस्थापनका लागि कस्तो शिक्षा हुनुपर्छ ?

- सवाल पहिचान गरि परिवेश विश्लेषणको शिक्षा
- भूमिमा भएको विषयगत समस्याहरुको विकल्प सहितको शिक्षा
- सहभागीमूलक सिकाईका विधिहरु प्रयोग
- लैंगिक, वर्गिय, जातिय समान रुपमा लैजान ज्ञान, सिप र क्षमता अभिवृद्धि गर्ने
- प्राकृतिक स्रोत र साधन संरक्षण र त्यसको अधिकतम उपयोग गर्ने

**समूह ५ :**

शिक्षा भनेको के हो ?

- शिक्षा वातावरणबाट देखेर भोगेर, तालिम, गोष्ठी, पत्र पत्रिका संचारका माध्यम, स्कुल, कलेज साथीभाई परिवार समाज, जस्ता धेरै माध्याहरुबाट लिएको ज्ञान हो जस्ले मानिस वा व्यक्तिलाई अन्धकारबाट उज्यालो गोरेटोमा हिँड्न सिकाउँछ अथवा बाटो देखाउँछ ।

सिकाई भनेको के हो ?

- जीवनको दुःखको कारण थाहा पाउनको लागि निरन्तर रुपमा खोज्नु सिकाई हो र आफुमा भएको ज्ञानलाई प्रयोगमा ल्याउनु र दुःखको समाधानको लागि निरन्तर प्रयास गरिरहनु

भूमि सम्बन्धि के कस्तो शिक्षा चाहिएको छ ? भूमि सम्बन्धि सिकाई कसरी गहिरो र फराकिलो पार्ने ?

- स्वभाविक तथा अनौपचारिक शिक्षा हामीले धेरै माध्यमबाट लिन सकिन्छ जस्तै : विभिन्न संचार माध्यम पत्र-पत्रिकाबाट देशकाल परिस्थितिको जानकारी लिने भूमि सम्बन्धि वर्तमानको (सवाल तथा अन्य कुराहरु )
- रीाष्ट्रय तथा अन्तरीाष्ट्रय कानुनले यस विषयलाई कसरी सम्बोधन गरेको छ अध्ययन गर्ने
- विभिन्न तालिम, गोष्ठी, सेमिनारहरु संचालन गर्ने

**समूह ६ :**

शिक्षा भनेको के हो ?

- अनुभव, भोगाई, हेराई, ऐतिहासिक कुराको खोजी छोयर, सुघेर, सिकेर, सिकाएर, देखेर शिक्षा हो ।

सिकाई भनेको के हो ?

- काम हो, भोगाई हो, मुल्यांकन, पछाडी फर्केर हेर्ने सिकाई हो ।

भूमि सम्बन्धि के कस्तो शिक्षा चाहिएको छ, भूमि सम्बन्धि सिकाई कसरी गहिरो र फराकिलो पार्ने ?

- भूमिको वास्तविक अवस्था
- भूमिको बर्गिकरणमा वन क्षेत्र, शहरी क्षेत्र, औधोगिक क्षेत्र, कृषि क्षेत्र छुट्याई स्थानिय रुपमा ऐन नीति बनाई स्थानिय निकायले पाठ्यक्रम बनाई शिक्षालाई अगाडी बढाउने
- वडा टोल टोलमा भूमि सम्बन्धि छलफल गर्ने
- सञ्चार माध्यम मार्फत सिकाइलाई गहिराइमा पुऱ्याउने

**अनुसूची २ :**

समाजवादबाट उन्मुख लोकतान्त्रिक अभ्यासलाई निरन्तर प्रयोग गर्ने

शिक्षा प्राप्त गर्ने

- संगठित हुने,
- भूमिसँग सम्बन्धि परिवेशको आधारमा खाका तयारी गर्ने
- भएका कामहरुलाई अभियानको रुपमा बाहिर ल्याउन पर्ने

समाजवाद उन्मुख गर्नका लागि कस्तो शिक्षा आवश्यकता छ ?

- वर्तमान संविधानमा भएका ऐन कानुन भूमि तथा कृषि सुधारका सम्बन्धमा छलफल चलाउने
- कृषि तथा भूमि व्यवस्थाका लागि सरकारले विभिन्न स्थानिय तहमा छुट्याएको बजेट माथि दाबी र उपभोग गर्ने विषयमा छलफल चलाउने
- स्वास्थ्य जीवनयापन गर्नका लागि स्थानिय जातका बिउ बिजनहरुको संरक्षण र स्तरीकरण साथै विषादिरहित उत्पादन गरि उपभोग गर्नुका फाइदाका विषयमा छलफल चलाउने
- प्राकृतिक स्रोत र साधन जल, जंगल, जमिन र खानि, जडिबुटिको संरक्षण र अधिकतम उपयोगको बारेमा छलफल चलाउने
- भूमिसँग सम्बन्धि शोषण उत्पीडन, यसका असर र समाधानका विषयमा छलफल चालउने र लैंगिक विभेदका विषयमा छलफल चलाउने
- संगठन र सघंर्षको बलले प्राप्त गरेका उपलब्धि तथा सफलताहरुको बारेमा छलफल चलाउने जस्तै : मोही निवेदन दर्ता गर्ने अवसर पाएका

हामीलाई समाजबादउन्मुख भूमि व्यवस्थाको लागि कस्तो शिक्षा अवश्यकता छ ?

- भूमि सम्बन्धि परिवेश लिने र विश्लेषण गर्ने
- प्राकृतिक र सामाजिक स्रोतको नक्शांकन गर्ने
- समस्याको पहिचान समाधानको खोजी समुदायमा उत्साहित गराउने
- स्रोतमा दावी र उपयोग गर्ने
- भूमि नीति र व्यवस्था बारे जानकारी गर्ने
- क्षमता विकास गर्ने
- उद्देश्य प्राप्तिको लागि समन्वय गर्ने
- आफ्नो समस्या उजागर गर्ने
- विरोधी, ढुलमुले र सहयोगी शक्ति पहिचान गर्ने
- भू-उपयोग गर्ने

समाजवाद उन्मुख भूमि व्यवस्थाको लागि कस्तो किसिमको शिक्षा चाहिन्छ ?

- भूमि सम्बन्धि हाल भएका नीति, नियम, ऐन, कानुन, संविधानको विषयमा स्पष्ट खालको शिक्षा

- भूमि सम्बन्धि सवालगत आवश्यक नीति, नियम, तयार पार्ने खालको विषयमा प्रष्ट हुने
- वर्तमान परिवेश अनुसार परिवेश विश्लेषण गर्न, जमिनको अवस्था ऐलानी, नम्बरी, बाँझो जग्गा, अनुपस्थित जग्गा धनि, आफै कमाउने संख्या, गाउँ ब्लक
- थोरै जमिनबाट उत्पादन वृद्धि गराउने सिप र औजार
- पहुँच, उपयोग र योग्य कृषि सामग्री व्यवस्था
- सरल कृषि औजारको व्यवस्था
- भूमि व्यवस्थापन सम्बन्धि विज्ञहरुको सहभागितामा भू-उपयोग नीति (आवास क्षेत्र, खेतियोग्य क्षेत्र, वन क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक क्षेत्र, प्रत्येक क्षेत्र, बजार क्षेत्र, आदीको विषयमा प्रष्ट हुने)

भूमि अधिकार मञ्चको लागि समाजवाद उन्मुख कस्तो शिक्षा आवश्यक छ ?

- भूमि अधिकार मञ्चको सबै तहका मञ्चको पदाधिकारीहरुलाई तथा देशको सरकारको सबै तहका पदाधिकारीहरुलाई देशको संवैधानिक
- तथ्याँक र बिश्लेषण
- जस्को समस्या हो उसैको नेतृत्वसंयुक्तलाल पुर्जा र यसको प्रभाव
- भूमि सम्बन्धि सवालहरु मोही, गुठी दर्ता सम्बन्धि
- संगठनलाई बलियो बनाउने आधारहरु
- स्थानिय स्रोत साधनको खोजी गरि सहि उपयोग गर्ने
- स्थानिय तहसँग समन्वय सहकार्य
- संगठनमा परिवेश पुस्तिका हुनु पर्ने

संविधान, नीति, कार्यविधी कार्यान्वयनमा हाम्रो अवको संगठनको भूमिका कस्तो हुनु पर्दछ ?

- संगठनमा संविधान, नीतिमा भएको व्यवस्थामा छलफल गराउने
- आफ्नो मिल्दो जुल्दो सवाल पीडित, सवाल मिल्दा अन्य संगठनसंग सहकार्य बढाउने
- संविधानमा उल्लेख व्यवस्थाको आधारमा संगठनको बुझाई र अडानहरु तय गर्ने
- स्थानिय जनप्रतिनिधिहरु समक्ष आफ्नो अधिकारका कुरामा बहस गर्ने
- कार्यान्वयनको लागि दवाव दिने
- पटक पटक ध्यानार्कषण गराउँदा पनि नभएमा आन्दोलन गर्ने

संगठन कस्तो हुनु पर्दछ ?

- सदस्यहरुको विवरण खोज्ने
- सदस्यता प्रदान गर्ने
- संगठनको उद्देश्य जानकारी गराउने

- संगठनको अधिवेशन गराउने
- विधानमा छलफल परिमार्जन
- नियमित बैठक बस्ने
- सम्बन्धित विषयमा छलफल चलाउने

नीति कार्यान्वयन गर्न हाम्रो संगठन कस्तो हुनु पर्छ ?

- तहगत संगठनको नियमित सम्बाद
- नीति, कानून र संवैधानिक व्यवस्थाको बारेमा अपडेटेट
- कम्तिमा १ संगठन बराबर ५ जना कार्यकर्ता
- सदस्यहरुले भोग्दै आएका समस्याहरुको तथ्यांक अभिलेखन
- कोषको व्यवस्था
- सूचनाहरु छिटो छरितो सबै तहमा फैलाउने

| अनुसूची ३ : व्यक्तिगत सिकाई | | | | | |
|---|---|---|---|---|---|
| **नाम** | **ज्ञान** | **सीपहरु** | **दृष्टिकोण** | **प्रेरणदायी उदाहरण** | **केही नयाँ** |
| **सुनिता बि.क.** | हाम्रो ज्ञानमा नयाँ ज्ञान पलाउँछ, पढ्नु लेख्नुले सिप पनि बढाउँछ | ज्ञान, सिपले अगुवाई गराउँछ, भविष्यको जग बलियो बनाउँछ | दुःखमा बाँचेको जिन्दगी सिक्दै बुझ्दै हुर्केको जीवनी | माथी छैन तल छ, ज्ञान तलैबाट बन्ने हो । | हामी सबको सपना र उन्नति, निरन्तरले लिइरहने प्रगती |
| **पार्वती थामी** | काम नै पद रहेछ । | जुनसुकै तालिम गोष्ठीमा सहभागीहरुलाई खुशी बनाउन गीत र हाउ भाउले उर्जा थप्नेरहेछ । | समुदाय, जिल्ला, केन्द्रमा फरक तरिकाले हेर्थे होइन रहेछ । | समानरुपले नहेरेपछि परेकोलाई अगाडी बढाउन सकिन्न । अब म छुटेको किसानहरु सबैलाई संगठीत गराउँछु । बुद्ध सन्देश सारै राम्रो लाग्यो । | यस किसिमको प्रशिक्षण जिल्ला र प्रदेशमा पनि गर्नुपर्दछ । |
| **होमेन्द्र थापा** | अगुवा र अगुवाईको परवेश अगुवा ज्ञान, सीप र सवालमा प्रस्ट | सवाल सँग मिल्ने गीत नयाँ घर बनाउने<br>हरेक सवालको आफुले मात्र उत्तर दिने होइन छलफलको वातावरण तयार गरिदिने | स्वभाविक र अनौपचारिक शिक्षाबाट धेरै सिकेको र सिक्न सक्ने रहेछ तर महसुषीकरण बढेको छ । | नवलपरासीको वाखा पालन जीविकामा सुधारीन दिन खाज्दा की लिन नमानेको | सहभागीमूलक छलफल |
| **शिब पासवान** | स्वभाविक शिक्षा र अनौपचारिक शिक्षा | अगुवाले सामाजिक परिवर्तनका लागि परिवेश विश्लेषण गर्ने | भूमि तथा कृषि प्रौढशिक्षा सञ्चालन गर्नुपर्ने | कडा परिस्थितीमा कडा निर्णय नरम परिस्थितीमा नरम निर्णय | |
| **यज्ञ बहादुर श्रेष्ठ** | सवाल अनुसारको ज्ञान हुनुपर्ने, अगुवाइ गर्दा र अनुशासनमा रहेर अगाडी बढ्ने । | बिषयबस्तु र सिकाईलाई समाजमा कसरी प्रस्तुत गर्ने भन्ने बारे सीप | क्षणिक मात्रै नभएर दिर्घकालीन सोच बनाएर अगुवाइ गर्नुपर्ने<br>सबैलाई समान व्यवहारका साथ हेर्ने<br>जानेका कुरा ज्ञान सीप तत्काल संगठनका सदस्यलाई जानकारी गराउने र छलफल गरी नयाँ ज्ञानको खोजी गर्ने | व्यबहारमा उदाहरण सहित अरुलाई बुझाउने, आफूले बोल्दा अरुको दिमागमा चित्र दिन सक्नेगरी प्रस्तुती हुने । | यस किसिमको प्रशिक्षण समय समयमा हुनपर्दछ । |
| **लेखमाया थापा** | अगुवाको अगुवाई | ग्रुप बनाउने, एक अर्काको कुरा सुन्ने, विच विचमा गाउने तरिका | नेता र अगुवाईमा हेर्ने दृष्टिकोण<br>आर्थिक श्रोत निमार्णमा सामूहिक खेती | जीवन पर्यन्त सिकाई<br>बुद्धको बाणी<br>अब्राहमको चिठ्ठी | |

| | | | | | |
|---|---|---|---|---|---|
| **राजकुमारी थारु** | अगूवा हो भन्ने कुरा थाहा थियो, अगूवाई र यसका अगूवाई गर्ने तरिका जाने, गाउँमा बैठक छलफल गर्दा खेल, गीतबाट छलफललाई प्रभावकारी बनाउन सिकें | | | बर्दिया जिल्लाको आन्दोलन कोष बाकसमा पैसा राखेर बैठक गर्ने संस्कार राम्रो लागिरहेको छ । | |
| **प्रेम बहादुर श्रेष्ठ** | पदको मात्रै हैन सामाजिक बिभेदको बैचारिक छलफल मार्फत परिवर्तन ल्याउने अगूवा हो । | संगठनमा  गीत गाएर निराशा हटाउने, समूह समूहमा छलफलको अभ्यासमा जोड दिने | संगठनमा सकारात्मक संस्कारलाई बढाउने र परिवर्तन गर्नुपर्ने बिषयमा छलफल चलाउने । | रौतहटको जनचेतना गाउँ भूमि अधिकार मञ्चले गरेको जस्तै नयाँ वाली उठाउने सहकारी चलाउने त्यही रहेको सम्पूर्ण सदस्यहरुलाई फाइदा हुने गरि वितरण गर्ने गरेको अभ्यास प्ररणादायी छ । | संगठनमा अगूवा बढाउने काममा प्रतिवद्ध रहने छु । |
| **अनुप माझी** | सामूहिक रुपमा गीत गाएर विश्लेषण गरेर बुझ्ने बुझाउने | अगूवा भनेको पद होइन काम हो, औपचारिक भन्दा आनौपचाकि र स्वभाविक शिक्षाबाट अगूवाको ज्ञान बढि हासिल गर्न सकिने रहेछ । | एकल निर्णय भन्दा सामूहिक निर्णय, लोकतान्त्रिक प्रक्रिया न्यायको पक्षमा बोल्ने | सामूहिक धान खेती, मुट्ठी संकलन, प्रेरणादायी गीत, अधिकारमुखी बिचार बिश्लेषण | सवालगत मात्र अभियानलाई जोड दिने । |
| **माया बाग्दास** | दुःखको कारण बुझेर उपाय निकाल्नु पर्छ । | बोल्दा सरल र सबैले बुझ्ने भाषाको प्रयोग गर्नु पर्ने । | आफू कम बोल्ने, अरुको कुरा सुन्ने | आगोमा फलाम तताउँदा उचित आकार आएजस्तै युवाहरुलाई बैचारिक प्रशिक्षणमा क्रियाशिल बनाई सक्षम अगूवा निमार्ण गर्न सकिने भन्ने प्रेरणादायी उदाहरण मिलेको छ । | |
| **चन्द्रकला ओझा** | बुद्धको बाणीको माध्यमबाट कुनै पनि सवालको समस्या समाधान गर्न सकिने | वृक्ष विश्लेषण गर्ने सिप | भूमि र कृषिको शिक्षा किसानलाई मात्र नभई सबैलाई हुनुपर्दछ । | नवलपरासीको बेसार खेती प्रेरणादायी लाग्यो । | |

| | | | | | |
|---|---|---|---|---|---|
| **गुलावदेवी राम** | परिवेश विश्लेषण गरेर | तयारी राम्रो चाहिन्छ | समुदायमा पिडितको पक्षमा वकालतको साथसाथमा पिडकको कुरा पनि सुन्न जरुरी देखियो । | जीवनमा दुःख छ दुःखको कारण छ दुःखको कारण बुझ्न र सिक्न सकिन्छ दुःखबाट पार पाउन सकिन्छ । | |
| **नारद निरौला** | परिवेश विश्लेषण गरेपछि मात्र अगूवाले अगूवाई गर्ने गर्दछ । | कुनै काम गर्नु भन्दा पहिले आफू जान्ने चाहिने श्रोत सामाग्री लिएर प्रस्तुत हुनेछु । | स्थानीय निकायमा ऐन बनाउने भएकोले किसान र भूमिहिनको बारेमा ऐन बनाउन लाग्नेछु । | बुद्धको वाणी जीवनमा दुःख छ दुःखको कारण छ दुःखको कारण बुझ्न सिक्न सकिन्छ । दुःखबाट पार पाउन सकिन्छ । | लोकतान्त्रिक गणतान्त्रिक समाजवाद उन्मुख नेपालको संविधान अध्ययन गरि तल्लो तहदेखि अभियानमा लाग्नेछु । |
| **मदन वि.क.** | सामान्तवाद, पूँजीवाद र समाजवाद उन्मुख भूमि व्यवस्थापनको सरल र स्पष्टसंग बुझियो । | सिक्ने प्रक्रियामा सहभागीहरुको रुचीमा ध्यान दिने । | थोरै विषयबस्तु र लामो छलफललाई निरन्तरता | | बुद्धको सन्देश पनि ज्यादै राम्रो थियो |
| **अनिता मडै** | परिवेश विश्लेषण<br>नेतृत्व गने शैली | छाप पर्ने गरेर, आकार आउने गरेर सिकाउने प्रवचन भन्दा सम्वाद विधिबाट (छलफल, समूहकार्य इत्यादी) बाट नयाँ नयाँ कुरा पत्ता लगाउने | कृषिमात्र नभएर अगूवाले आफ्नो वरपरको सम्पूर्ण जानकारी लिने, समस्याहरु समाधान गर्ने औपचारिक शिक्षा मात्र लिएर ताल बन्नु भन्दा औपचारिक र स्वभाविक शिक्षा लिएर नदी बन्ने विचार छ । | पदको साथसाथमा जिम्मेवारी बहन प्रमुख कुरा रहेछ । सवालगत बहसहरु गरेर समस्याको खोजी गर्ने र आत्मनिर्भर बन्ने कोशिस जारी छ । | समुहमा छलफल, अन्तक्रिया सम्वाद, समन्वय, सहकार्यबाट कुनै पनि समस्याको समाधान निस्किन्छ |
| | अन्यायमा पारिएका समुदायको हक हितमा काम गर्ने जनमुखि शिक्षालाई निरन्तर अभ्यासमा लैजाने | | | बुद्धको वाणी | स्थीय र प्रदेशमा विमल सरकै प्रशिक्षणमा स्थानीय सरकारलाई सँगै राखी अगूवा प्रशिक्षणको आयोजना गर्ने |
| **विमल थापा** | सबैको ध्यान आफूतिर लिन सक्ने (बोली व्यवहार, विषयको जानकारी) | आफूले धेरैकुरा गर्नु भन्दा सहभागीको कुरा सुनि गहिरो छलफल गर्ने | विहान बेलुकीको मुठ्ठी संकलन (आन्दोलन कोष) | खाना नै औषधी हो भन्ने भनाई प्रेरणदायी लाग्यो । | |

| | | | | | |
|---|---|---|---|---|---|
| **राम कुमारी चौधरी** | जीवनमुखि शिक्षा, प्रकार, विषयगत सवालमा प्रस्त हुनुपर्ने, ज्ञान लिन सकिने मात्र विषय वस्तु निर्धारण गर्नु महत्वपूर्ण छ । आफुले बोलेको कुरा सुन्ने मान्छेको दिमागमा चित्र दिन सक्नु पर्दछ । | गीत, कथा र हाउभाउ सहितको प्रस्तुतीकरण गर्ने सिप | एक गाउँ मञ्च एक सहकारी र मुठ्ठी संकलन | | |
| **लक्ष्मी कुमारी सिंह** | अनौपचारिक शिक्षाले मान्छेको जीवनमा ८० प्रतिशत ज्ञान दिने कुरा धेरै महत्वपूर्ण छ । | कविता, गीत, खेल सहितको माध्यमबाट पनि सिकाउने अभ्यासमा जोड | जीवनपर्यन्त सिकाइलाई जीवनमा निरन्तरता दिनुपर्दछ । | नवलपरासीको सामुहिक वेसार खेती साह्रै राम्रो लाग्यो । अब सर्लाहीको संगठनमा गएर गर्छु । | |
| **पूर्ण बहादुर सुनार** | सामान्यवाद, पुँजीवाद र समाजवाद बारेको भिन्नता, समाजवादी नेतृत्व र उत्पादन सम्बन्ध बारे स्पष्ट | सहभागीको बुझाई निकाल्ने सहभागी मूलक तरिका | शान्तपूर्वक परिवर्तनका लागि क्रियाशील भइरहने, परिवर्तन सम्भव छ, संगठनभन्दा बाहिरी घेरामा पनि चलाउने | नवलपरासीको बर्दघाट केराबारीमा बनसँग जग्गा लिई बेसार खेती, घाँस खेती गरि पशुपालन, सहकारी सञ्चालन | |
| **रीता बास्ताकोटी** | समाजमा दुःख छ, त्यस दुःखको कारणको सहि विश्लेषण गर्ने र त्यसको समाधानको लागि अगूवाइ गर्नु नै सहि अगुवा हो । जुन न्यायको पक्षमा हुनुपर्छ । | आफुमा आत्मविश्वास बनाउने, सबैसँग समानताको व्यवहार गर्ने, जस्तो हरेक छलफलमा सबैलाई समान अवसर प्रदान गरी रमाईलो र वातावरण सृजना गर्ने सिप | जीवन पर्यन्त सिकाइलाई कायम राख्नु पर्ने | सवालप्रति सबैको ध्यान केन्द्रित गराउन रोचक प्रसङ्गहरु गीत, भनाईहरु, उखान टुक्काहरुले उर्जा थप्यो । | मुठ्ठि संकलन रोचक लाग्यो । |
| **रचना कुमाल** | समुदायलाई सक्षम बनाउन नीति, नियम ऐन काननू र समुदायको परिवेश विश्लेषण महत्वपूर्ण छ । | भूमि सम्बन्धि विषय वस्तुलाई लिएर सम्वाद छलफल प्रक्रिाय | चित्रबाट बुझाउने शैली | बुद्धको ज्ञान, जीवनमा दुःख छ, दुःखको कारण छ । दुःखको कारण बुझ्न सिक्न सकिन्छ । दुःखबाट पार पाउन सकिन्छ । | संगठनमा अगूवा बढाउने लक्ष्य छ । |
| **जसविर वड** | परिवेश विश्लेषण गर्ने र प्राप्त परिवेश विश्लेषणलाई प्रयोग गर्ने | आफ्नो कुराले अरुको दिमागमा चित्र दिन सक्ने | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्रस्तती, शब्दहरु चाहिने मात्र उपयोग गर्ने । | | | |
| | सवालको गहिराईमा जानुपर्छ परिवेश विश्लेषण गरि काम गर्नुपर्छ, आफुमात्रै हैन अरुलाई पनि उन्नत अगुवा निर्माण गर्नु पर्दछ । | परिवेश विश्लेषणले सोच, विचार र दृष्टिकोण दिन्छ चित्त बुझाउने प्रस्तुति र बोली विकास गर्छु । | सवालको पहिचान गरेर न्यायको पक्षमा सरल शब्दमा संवाद गर्ने | सामुदायिक तरकारी खेती, जसले मलाई मेरो जिल्लामा काम गर्न उत्प्रेरण गरेको छ | |
| **राम सेवक महरा** | अगूवा आँफै अपडेट हुने, अरुलाई पनि बुझाउन हो । उन्नत अगुवाई बनाउन हो ।<br>अगूवाले समयको ख्याल गर्नुपर्दछ। | अगूवाले कृषि, भूमिको सवाल सम्बन्धि परिवेश विश्लेषण गरेर सहभागीमूलक तरिकाबाट सिक्ने र सिकाउने हो ।<br>अगूवाले परिवेश विश्लेषण गरेर स्थानीय जनप्रतिनिधिसँग संवादबाट समाधान खोज्नुपर्दछ । | अगूवाले जहिले पनि न्यायको पक्षमा वकालत गर्नुपर्दछ । | सामुहिक तरकारी र धान खेती गरेर, करार खेती उदाहरणीय लाग्यो । | कार्यशालामा गीतले सिक्न उर्जा थप्यो । |
| **विर बहादुर वि.क.** | अगूवाले बोल्दा सुन्ने समुदायमा चित्र आउनु पर्ने<br>परिवेश संकलन गर्दा तथ्याङ्क मात्र नभई, विचारको पनि तथ्याङ्क आउनुपर्ने रहेछ । | | | | कम्प्युटर चलाउने चाहाना छ |
| **विमला सुनुवार** | रौतहट जिल्लामा मुठि संकलन । उपयोग राम्रो लाग्यो । | | | | |

अनुसुची ४ :

**सहभागी विवरण :**

| क्र.सं. | सहभागीको नाम | ठेगाना | संस्था |
|---|---|---|---|
| १. | फौद सिंह स्याङ्गबा | बर्दिबास | राष्ट्रिय भूमि अधिकार मञ्च |
| २ | बिर बहादुर बि.क | महोत्तरी | जिल्ला भूमि अधिकार मञ्च |
| ३ | जसविर वड | बाँके | जिल्ला भूमि अधिकार मञ्च |
| ४ | होमेन्द्र थापा | बर्दिया | जिल्ला भूमि अधिकार मञ्च |
| ५ | राम कुमारी चौधरी | बर्दिया | जिल्ला भूमि अधिकार मञ्च |
| ६ | अनुप माझी | रौतहट | जिल्ला भूमि अधिकार मञ्च |
| ७ | चन्द्रकला ओझा | सुनसरी | जिल्ला भूमि अधिकार मञ्च |
| ८ | गुलाव देवि राम | सप्तरी | राष्ट्रिय भूमि अधिकार मञ्च |
| ९ | पूर्ण बहादुर सुनार | बाँके | राष्ट्रिय भूमि अधिकार मञ्च |
| १० | रचना कुमाल | दाङ्ग | जिल्ला भूमि अधिकार मञ्च |
| ११ | लक्ष्मी कुमारी सिंह | सर्लाही | जिल्ला भूमि अधिकार मञ्च |
| १२ | सरस्वती सुब्बा | सर्लाही | राष्ट्रिय भूमि अधिकार मञ्च |
| १३ | अनिता मडै | कञ्चनपुर | राष्ट्रिय कृषक समुह महासंघ नेपाल |
| १४ | राजकुमारी चौधरी | क्चनपुर | जिल्ला भूमि अधिकार मञ्च |
| १५ | विमल थापा | नवलपरासी | राष्ट्रिय भूमि अधिकार मञ्च |
| १६ | मदन बहादुर बि.क | सर्लाही | राष्ट्रिय भूमि अधिकार मञ्च |
| १७ | पातली थामी | सिन्धुपाल्चोक | जिल्ला भूमि अधिकार मञ्च |
| १८ | माया वाग्दास | झापा | राष्ट्रिय भूमि अधिकार मञ्च |
| १९ | सुनिता विश्वकर्मा | बाग्लुङ्ग | राष्ट्रिय भूमि अधिकार मञ्च |
| २० | लेख माया थापा | कास्की | राष्ट्रिय भूमि अधिकार मञ्च |
| २१ | विमला सुनुवार | उदयपुर | जिल्ला भूमि अधिकार मञ्च |
| २२ | रिता बस्ताकोटी | चितवन | राष्ट्रिय कृषक समुह महासंघ नेपाल |
| २३ | शिव पासवान | सप्तरी | जिल्ला भूमि अधिकार मञ्च |
| २४ | नारद निरौला | उदयपुर | राष्ट्रिय कृषक समुह महासंघ नेपाल |
| २५ | यज्ञ बहादुर श्रेष्ठ | मकवानपुर | राष्ट्रिय भूमि अधिकार मञ्च |
| २६ | प्रेम बहादुर श्रेष्ठ | धनुषा | राष्ट्रिय भूमि अधिकार मञ्च |
| २७ | राम सेवक महरा | लहान | राष्ट्रिय कृषक समुह महासंघ नेपाल |
| २८ | बल बहादुर तामाङ्ग | उदयपुर | राष्ट्रिय भूमि अधिकार मञ्च |
| २९ | कल्पना कार्की | सिन्धुपाल्चोक | आत्मनिर्भर केन्द्र |
| ३० | ल्याम बहादुर दर्जी | पर्वत | राष्ट्रिय भूमि अधिकार मञ्च |

अनुसुची ५ : कार्यशालाका झलकहरु














**अनुसुची ६ : अनुमानित खर्च विवरण**

| क्र.सं. | विवरण | रकम विवरण | रकम (रु.) |
|---|---|---|---|
| १ | भूमिघरमा बसाई तथा खाना खर्च | ३ दिन X३० जना X४५० | ४०५०० |
| २ | होटलमा बसाई तथा खाना खर्च | १.५ दिन X३० जना X३४८० | १५६६०० |
| ३ | बाटोको खाना खर्च (दुई तर्फि) | २ X२८ जना X५०० | २८००० |
| ४ | यातायात खर्च (अनुमानित) | | ६०७०० |
| ५ | सहजीकरण, स्रोतव्यक्ति, प्रतिवेदन आदि | | १००००० |
| ६ | स्टेशनरी | | ७११३ |
| | | जम्मा | **रु.३,९२,९१३** |
| *अक्षेरुपी : तीन लाख बयाँनब्बे हजार नौ सय तेह्र रुपैयाँ मात्र ।* | | | |